आज मिति २०८१ साल फागुन महिनाको १३ गतेका दिन बिहान ८:०० बजे यस स्वर्गद्वारी नगरपालिका नगर कार्यपालिकाको ६६औं नगरकार्यपालिका बैठक यस नगरपालिकाका नगर प्रमुख श्री टेक प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा कार्यपालिकाका निम्न सदस्यहरुको उपस्थितीमा बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिती:

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री टेक प्रसाद भण्डारी | नगर प्रमुख | |
| २ | श्री मिनराज राना मगर | नगर उप-प्रमुख | |
| ३ | श्री मेघराज जि.सि. | कार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ४ | श्री बुद्धिराम पुन मगर | कार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ५ | श्री कृष्ण बहादुर रोकाय | कार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुवर्ण कुमार श्रेष्ठ | कार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ७ | श्री गिर बहादुर घर्ति मगर | कार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ८ | श्री गिरे गुरुङ्ग | कार्यपालिका सदस्य/६ नं. वडा अध्यक्ष | |
| ९ | श्री सुरज घर्ति मगर | कार्यपालिका सदस्य/७ नं. वडा अध्यक्ष | |
| १० | श्री खोप बहादुर राउत | कार्यपालिका सदस्य/८ नं. वडा अध्यक्ष | |
| ११ | श्री नर बहादुर वि.एम. | कार्यपालिका सदस्य/९ नं. वडा अध्यक्ष | |
| १२ | श्री पुरुषोत्तम बराली | कार्यपालिका सदस्य | |
| १३ | श्री सुरज संगम सुनार | कार्यपालिका सदस्य | |
| १४ | श्री शारदा बुढाथोकी | कार्यपालिका सदस्य | |
| १५ | श्री खेमराज विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | श्री अमृता देवी बुढाथोकी | कार्यपालिका सदस्य | |
| १७ | श्री शिवा देवी के.सि. | कार्यपालिका सदस्य | |
| १८ | श्री बविता वि.क. | कार्यपालिका सदस्य | |
| १९ | श्री बिमल रिजाल | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित:

१. श्री विष्णु प्रसाद पोखेल — प्रशासन शाखा प्रमुख

२. चित्रा घर्ति मगर — क.नि.

३. बलराम श्रेष्ठ — क.नि.

नगरकार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु

बैठक संङ्ख्या नं.: ६६
मितिः २०८१/११/१३
समयः बिहान ८:०० बजे
स्थानः नगरपालिकाको सभाहल

**प्रस्तावहरुः**

१. अघिल्लो का.पा. बैठकको समिक्षा सम्बन्धमा।
२. लामधारा सामुदायीक भवन निर्माण सम्बन्धमा।
३. अमर मा.वि. रि टेण्डर सम्बन्धमा।
४. एम्बुलेन्स संचालन सम्बन्धमा।
५. राष्ट्रिय योजना आयोग समपुरक र विशेष योजना सम्बन्धमा।
६. नगरपालिकाको लोगो सम्बन्धमा।
७. विभिन्न निवेदन सम्बन्धमा।

**निर्णयहरुः**

**निर्णय नं. (१) प्रस्ताव नं.** १ माथि छलफल गर्दा मिति २०८१/१०/३० गते बसेको ६५औ नगर कार्यपालिका बैठकले गरेका निर्णयहरु तथा कार्यप्रगतीका विषयमा छलफल गर्दा उक्त बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयनका क्रममा भएको र कार्यान्वयन हुन बाँकी निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. (२) प्रस्ताव नं.** २ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ६ मा लामधारा सामुदायीक भवन निर्माण गर्ने निर्णय गरियो।

**निर्णय नं. (३) प्रस्ताव नं.** ३ माथि छलफल गर्दा यस स्वर्गद्वारी नगरपालिका वडा नं. ३ मा रहेको अमर माध्यमिक विद्यालयमा आ.व. २०८१/०८२ मा संघिय अनुदान स्वरुप शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय मार्फत एक करोड मध्ये प्रथम चरणको ठेक्काबाट बचेको रकम रु ४७,०३,९८७/५५ लाई पुन टेण्डर आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. (४) प्रस्ताव नं.** ४ माथि छलफल गर्दा स्वर्गद्वारी नरपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ को थप अध्ययनका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपशिलमा उल्लेखित सदस्यहरु रहने गरि एक कार्यसमिति गठन गर्ने निर्णय गरियो।

तपशिलः

(१) विमल रिजाल संयोजक
(२) दल बहादुर के.सि. सदस्य
(३) विष्णु प्रसाद पोखेल सदस्य

**निर्णय नं. (५) प्रस्ताव नं.** ५ माथि छलफल गर्दा संघिय सरकार शशर्त अनुदान तर्फको समपुरक अनुदान र विषेश अनुदानबाट प्राप्त हुने बजेटबाट आगामी आ.व. २०८२/०८३ मा यस पालिका अन्तर्गत सञ्चालन हुने तपशिल बमोजिमको योजना तथा कार्यक्रम देहाय बमोजिमको प्राथमिकिकरण सहित स्वीकृतिका लागि राष्ट्रिय योजना आयोगलाई सिफारिस गरि पठाउने निर्णय गरियो। आ.व २०८०/०८१ मा स्वीकृत आयोजना स्वर्गद्वारी नगरपालिका देखि जिमुरपाटा सम्म जोड्ने सडक तथा भिंग्री स्वास्थ्य केन्द्र घुम्ती सडक निर्माण स्व.न.पा. ४ प्यूठानको निर्माण कार्य सम्पन्न भएकोले थप रकम माग नगर्ने निर्णय गरियो। साथै तपशिल बमोजिमका आयोजना संचालन गर्दा वातावरणलाई कुनै पनि प्रतिकुल प्रभाव नपर्ने गरि आयोजना संचालन गर्ने निर्णय गरियो।

विमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भिंग्री, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner

तपशिलः

(क) समपुरक अनुदान तर्फको बजेटबाट सञ्चालन हुने योजना तथा कार्यक्रमः

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | डिपिआर अनुसार कुल लागत रु. मा | प्राथमिकताक्रम नं. | कैफियत |
|---|---|---|---|---|
| १ | जुडापाटा अम्लिसे डाडागाउँ मगरी जुकेना स्वर्गद्वारी सडक स्व.न.पा. ९ | २,१५,०८,४५५.८०। | १ | नयाँ |
| २ | गोठिबाङ् लिफ्ट खानेपानी तथा सरसफाई योजना स्व.न.पा ४ | ४,३१,४६,७१२.५। | २ | नयाँ |
| ३ | उपल्लो नल्सी राउतपाटा देखि पानीपाटासम्म मोटर बाटो मर्मत | ५३,४४,८३१.७। | ३ | नयाँ |

(ख) विशेष अनुदान तर्फको बजेटबाट सञ्चालन हुने योजना तथा कार्यक्रमः

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | डिपिआर अनुसार कुल लागत रु मा | अगामी आ.व.को लागि माग रकम रु. | प्राथमिकताक्रम नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | देउराली सालवांग थापाखार्क निन्ला छहरेखोला लिफ्ट खानेपानी आयोजना स्व.न.पा ६ | ७,२५,९०,३३६.०३। | १,५०,००,०००। | १ | क्रमागत |
| २ | बाझिपुर लिफ्ट सिचाई योजना स्व.न.पा ४ | २,८०,६१,०००.००। | २३,००,०००। | १ | क्रमागत |
| ३ | शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिबृद्धी सम्बन्धी पुरक शैक्षिक पूर्वाधार निर्माण | १,२७,००,०००। | | २ | नयाँ |

**निर्णय नं. (६) प्रस्ताव नं.** ६ माथि छलफल गर्दा प्रस्तावित लोगो डिजाईन कार्यपालिकामा पेश हुदा तपशिल बमोजिमको व्यहोरा परिवर्तन गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

(१) धौलागिरी हिमालको ठाँउमा नगरपालिका भित्रको पहाड समावेश गर्ने ।

(२) पहाडको माथि नेपालको झण्डा थप गर्ने ।

(३) गहुको बाला र धानको बाला प्रष्ट बुझिने गरि राख्ने ।

(४) झलुङ्गे पुलको ठाँउमा पक्की पुल राख्ने ।

(५) हातमिलाएको संकेत थप गर्ने ।

**निर्णय नं. (७) प्रस्ताव नं.** ७ लाई अर्को कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरियो ।

अन्त्यमा आजको ६६औं कार्यपालिका बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

विमल रिजाल
प्रमुख प्रशासकीय अधिकृत

स्वर्गद्वारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पिउठान, लुम्बिनी प्रदेश, नेपाल
२०७३

CamScanner